लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन, उद्योग, तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
रुकुम (पूर्वी भाग)

फोन: ०८८-४१३११३
Website:- csirukumeast.lumbini.gov.np
E-mail:- csidb.rukumeast@gmail.com

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०७/०९

नि.शुल्क व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन गरिने सम्बन्धी सूचना ।

यस कार्यालयको आ.व. २०८३/०८४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार सीपमूलक तालिम मार्फत परम्परागत सीप र प्रविधिको संरक्षण गर्दै सीपयुक्त दक्ष, उद्यमशील, उत्पादनमूलक रोजगारी र स्वरोजगार सिर्जनाका लागि सीपमूलक तालिम संचालन गरिने हुँदा उक्त तालिममा सहभागी हुन इच्छुक व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफूले लिन चाहेको तालिम उल्लेख गरी तोकिएको ढाँचामा फाराम भरी कार्यालयमा आफैं उपस्थित भई वा कार्यालयको इमेल ठेगाना csidb.rukumeast@gmail.com मा निवेदन पेश गर्न वा पठाउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

क्र. स.	तालिमको विषय	तालिमको अवधि	तालिम संचालन हुने स्थान	आवश्यक प्रशिक्षार्थी संख्या	कैफियत
१.	विपन्न तथा एकल महिला लक्षित सिलाई कटाई तालिम	३९० घण्टे	सिस्ने गा.पा. वडा नं. ६, छिप्रिदह	कम्तीमा १५ जना	
२.	एडभान्स बुटिक तालिम	३९० घण्टे	सिस्ने गा.पा. वडा नं. ६, छिप्रिदह	कम्तीमा १५ जना	

आवश्यक योग्यताः

- १८ वर्ष उमेर पुरा भएको नेपाली नागरिक ।
- प्रशिक्षार्थी रुकुम (पूर्वी भाग) जिल्लामा स्थायी रुपमा बसोबास गरेको हुनुपर्ने ।
- विपन्न महिलाको हकमा वडा कार्यालयबाट विपन्न वर्गको सिफारिस पत्र र एकल महिलाको हकमा सो पुष्टाई हुने कागजात।
- एडभान्स बुटिक तालिममा सहभागी हुने व्यक्तिको हकमा पहिले आधारभूत तालिम लिएको प्रमाणपत्र पेस गर्नुपर्नेछ ।
- साधारण लेखपढ गर्न सक्ने ।

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः

- नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि।
- सीपमूलक तालिम पश्चात व्यवसाय संचालन गर्ने प्रतिवद्धता।

द्रष्टव्यः

- निवेदनको फाराम यस कार्यालय वा आफ्नो स्थानीय तहबाट प्राप्त गरी भर्न सकिनेछ ।
- म्याद नाघी वा रितपूर्वक ढाँचामा पेश नभएका निवेदनहरु स्वतः रद्द हुनेछ।
- थप जानकारीका लागि कार्यालय वा कार्यालयको फोन नं. ०८८-४१३११३ वा कार्यालय प्रमुखको सम्पर्क नं. ९८५७८४२११३ वा सूचना अधिकारीको सम्पर्क नं. ९८६८९५६४८७ मा सम्पर्क गर्नुहोला ।

तिलकराम वली
(उद्योग अधिकृत)

२०८३/७/९

तिलकराम वली
उद्योग अधिकृत